"कृषि, व्यापार र पर्यटन : हाम्रो सशक्त अभियान"

# नमोबुद्ध नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, काभ्रेपलाञ्चोक

प्रदेश नं. ३, नेपाल

०११-४०४०३१
०११-४०४०६८

पत्र संख्या :

चलानी नं. :

मिति २०७५/०६/१८

नमोबुद्ध नगरपालिका नगर कार्यपालिकाको कार्यालय भकुण्डेबेशी, काभ्रेपलाञ्चोक प्रदेश नं. ३, नेपाल

## विषयः विज्ञप्ति

सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकहरुको छाता संगठन नेपाल शिक्षक महासँघ, नमोबुध्द नगर कमिटीले शिक्षकहरुको सेवा सुविधा तथा तलव भत्ता लगायतका पेसागत माग राखी यस नमोबुध्द नगरपालिकामा ज्ञापन पत्र तथा विरोधपत्र सहितको ध्यानाकर्षण पत्र पेश गरेको तथा मागहरु प्रति सकारात्मक सम्बोधन नभएमा नगर भरिका सामुदायिक विद्यालयहरुका शिक्षकहरुको सहभागीतामा २०७५ असोज १९ गते नगरपालिकामा धर्ना तथा घेराउ गर्ने समेतका आन्दोलनका कार्यक्रम राखेकोमा यस नगरपालिकाको गम्भिर ध्यानाकर्षण भएको छ । शिक्षकका सेवा सुविधा र पेसागत मागप्रति नमोबुध्द नगरपालिका सदैव सकारात्मक रहेको छ । नगरभित्र कार्यरत शिक्षकहरुको २०७५ कात्तिक महिनासम्मको तलव भत्ता नगरपालिकाको आन्तरिक स्रोतबाट यसै साता भित्र विद्यालयको खातामा पठाउने व्यवस्था मिलाइएको छ । अन्य मागहरुका सम्बन्धमा नेपाल शिक्षक महासंघसँग निरन्तर संवाद र सहाकार्यको माध्यमबाट समाधान गर्न सामुहिक रुपमा पहल गर्न नगरपालिका सदैव तयार रहेको व्यहोरा जानकारी गराउँदै विरोध तथा धर्नाका कार्यक्रम स्थगित गरी आज मिति २०७५।०६।१८ गते ठीक ३:०० बजे छलफल तथा बार्ता लागि उपस्थित हुन आमन्त्रण गर्दै छलफल तथा बार्ताका माध्यमबाट समस्या समाधानका लागि यस नगरपालिका सम्बन्धित सबैमा हार्दिक अपिल गर्दछ ।

............

(कुमार प्रसाद कोइराला)

प्रमुख प्रशासकीय अधिकृत

कुमारप्रसाद कोइराला
प्रमुख प्रशासकीय अधिकृत